# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) धनगढी, नेपाल, कार्तिक २८ गते, २०७७ साल (अतिरिक्ताङ्क ९(घ)

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (तेस्रो संशोधन) नियमावली, २०७७

प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो नियमावली बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस नियमावलीको नाम “प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (तेस्रो संशोधन) नियमावली, २०७७” रहेको छ ।

(२) यो नियमावली प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. <u>प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को नियम ५ मा संशोधनः</u> प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ (यसपछि “मूल नियमावली” भनिएको) को नियम ५ को उपनियम (१) को खण्ड (ग) मा रहेको "कार्तिक मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा "मंसिर १५ गतेभित्र" भन्ने शब्दहरु कायम गरिएका छन् ।

३. <u>मूल नियमावलीको नियम ७ मा संशोधनः</u> मूल नियमावलीको नियम ७ को उपनियम (१) मा रहेको "कार्तिक मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा "मंसिर १५ गतेभित्र" भन्ने शब्दहरु कायम गरिएका छन् ।

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः २०७७।०७।२८

आज्ञाले,<br>
किशोर कुमार चौधरी<br>
प्रदेश सरकारका सचिव



मुद्रकःआन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली ।मुल्यः रु. ५।-